# राजस्व न्यायाधिकरण काठमाडौं
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की
## फैसला

२०७५।०७६ सालको निर्णय नं. १०८

पुनरावेदन नं. ९७-०७४-RB-००२४

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८) ।**

जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २ लाजिम्पाटस्थित एभरेष्ट बैंक लिमिटेड (स्थायी लेखा नं. ५०००६१९०३) को तर्फबाट ऐ. का अधिकार प्राप्त सहायक महाप्रबन्धक केशव राज पौडेल................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अञ्चन भट्टराई

अविलम्वित नजीरः ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः नि.प्रमुख कर अधिकृत श्री गोपाल प्रसाद घिमिरे

शुरु कर्यालयको निर्णय मितिः-२०७२/०६/२९

## प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः २०७३।१२।३

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पुनरावेदक करदाता एभरेष्ट बैंक लिमिटेडको आ.व. २०६७/०६८ को परीक्षण सम्पन्न भै मिति २०७२/०६/०१ मा स्वीकृत भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २० को उपदफा (१)(घ) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर निर्धारण गरी, कर, जरिवाना, व्याज तथा थप दस्तुर समेत जम्मा रू. १४,१९,४९२।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७२/६/१ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/६/१ मा जारी भएको सूचना करदाताले मिति २०७२/६/१२ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०७२/६/१२ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७२/६/२२ मा पेश गरेको ।

४. उपरोक्त बमोजिम प्रारम्भिक कर निर्धारण आदेश बमोजिमकै मूल्य अभिवृद्धि कर रू. ६१९४१५।-, जरिवाना रू. १५४८५४।- र निर्णय मिति सम्मको थप दस्तुर रू. २५८०८९।- तथा व्याज रू. ३८७१३४।- समेत गणना गरी हुने रकम रू. १४१९४९२।- दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७२/०६/२९/६ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७२/६/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी एभरेष्ट बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०८/२७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदक बैंकले नेपाल बाहिरको संस्थाबाट SWIFT सेवा प्रयोग गरे वापत गरेको भुक्तानी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर असुल उपर गरी दाखिला नगरेको आधारमा कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत नै देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/१२/३ मा भएको निर्णय ।

७. उल्लेख गरिएका विभिन्न आधार बुँदा एवं संलग्न प्रमाणहरूको आधारमा प्रत्यर्थीबाट मिति २०७२।६।२९ मा जारी गर्नु भएको अग्रिम कर दाखिला गर्ने भनी जारी गर्नु भएको आदेश तथा निर्णय एवं विभागको मिति २०७३।१२।०३ को निर्णय बदर गरी अन्यायिक एवं अनुचित तवरबाट बहन गराउन खोजिएको अनुचित दायित्वबाट मुक्त दिलाई न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/४/१६ मा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१०/०७/२ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक पक्षबाट उपस्थित विद्वान अधिवक्ता सुरज श्रेष्ठले बैंकले मूल्य अभिबृद्धि कर तर्फ मू. अ. कर ऐन,२०५२ को दफा ५(३) को उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची (१) मा उल्लेखित बस्तु वा सेवाहरुको कारोवारमा कर लाग्ने छैन । साथै त्यस्तो वस्तु वा सेवाको खरीदमा पहिले लागेको कर दफा १७ बमोजिम कट्टी गर्न र दफा २४ बमोजिम फिर्ता लिन पाईने छैन भन्ने ब्यबस्था गरिएको छ । दफा ५(३) को ब्यबस्थानुसार ऐनको अनुसूची १ मा उल्लेखित बस्तुहरुमा कर लाग्ने छैन भन्नने ब्यबस्था रहेको र उक्त अनुसूचीको ११(४) मा वित्तीय सेवालाई

राखिएको हुँदा **Swift** मा मू.अ. कर माग गर्नु कानून विपरीत भएकाले बदरभागी छ भन्ने जिकीर प्रस्तुत गर्नुभयो ।।

११. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान सरकारी वकिल अञ्जन भट्टराईले मूल्य अभिबृद्धि कर तर्फ मू. अ. कर ऐन,२०५२ को दफा ८(२) मा नेपाल बाहिरको दर्ता नभएको कुनै ब्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको ब्यक्तिले यो ऐन र नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुलउपर गर्नुपर्ने ब्यबस्था रहेको हुँदा ऐनको दफा २०(१) ञ बमोजिम कर लगाएको देखिदा कर निर्धारण आदेश सदर हुनु पर्छ भन्नुभयो ।

१२. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी हेर्दा निम्नानुसार देखिन आयो ––

**Swift / Reuters सम्बन्धमा**

पुनरावेदन जिकिर बमोजिम **SWIFT/Reuters** सेवामा मूल्य अभिवृद्धि कर लाग्ने नलाग्ने के हो त भनी विचार गर्दा पुनरावेदक बैंकले **SWIFT/ Reuters** जस्ता सेवाहरु विदेश स्थित संस्थाहरुसंग आवद्ध भई सम्बन्धित आफ्ना उपभोक्ताहरुलाई सेवा प्रवाह गरि व्यवसाय गरी आएकोमा विवाद छैन । आफू एक वित्तीय संस्था भएको तथा उल्लिखित सेवाहरु विदेशबाट प्रवाह हुने सेवा भएको भन्ने आधारमा नेपालभित्र आपूर्ति भएको मानिदैन भन्ने पुनरावेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको हुन्छ । मूल्यअभिबृद्धि करको विषय सेवाको आपूर्तिसँग र भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा “नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्नेछ” भन्ने व्यवस्था गरेको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा समावेश भएका कर छुट पाउने सेवा बाहेकका अन्य सबै सेवाहरुमा भएको भुक्तानीको रकममा मूल्य अभिवृद्धी कर लाग्ने देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ मा सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ । ऐनमा उल्लेख भएको उक्त परिभाषा अनुसार पनि बैंकले अन्य मुलुकमा रकमान्तर गर्दा प्रयोगमा ल्याएको **SWIFT/ Reuters** सेवा हो भन्ने देखिन्छ । तथापि उक्त सेवा वित्तीय सेवा नै हो भनी पुनरावेदनकले प्रमाणित गर्न

सकेको पाईदैन । विवादीत विषय भनेको **SWIFT** जस्ता सेवा प्रयोग वापत तिरेको शुल्कसँग सम्वन्धित रहेको देखिन्छ । बैंकले भुक्तानी गरेको सो शुल्क ऐन अनुसार मूल्य अभिवृद्धी कर लाग्ने सेवा वापतको भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा रहेको कानूनी व्यवस्था अनुसार नेपाल बाहिरको दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गरे वापत भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर लाग्ने देखिंदा उक्त कर निर्धारण त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन ।

१३. अतः स्थायी लेखा नं. ५०००६१९०३ भएका पुनरावेदक करदाता एभरेष्ट बैंक लिमिटेडको आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि कर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०७२।०६।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१२।०३ को निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.......................................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू.२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ..............................................................३

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्युटर टाइपः श्री प्रदिप तिवारी
फाँट

इतिसम्बत २०७५ साल चैत्र १७ गतेरोज १ शुभम......